आज मिति २०७७ माघ १५ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री तपेन्द्र बहादुर रावलज्यूको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको ६४औं बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्र.सं | पद | नाम , थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री तपेन्द्र बहादुर रावल | |
| २ | नगर उप-प्रमुख | श्री केशरी बिष्ट रावल | |
| ३ | सदस्य | श्री गंगाराम आचार्य | |
| ४ | सदस्य | श्री प्रकाश बहादुर बुढाथोकी | |
| ५ | सदस्य | श्री रामसेवक महतो | |
| ६ | सदस्य | श्री लालबिर चौधरी | |
| ७ | सदस्य | श्री रामशंकर ड.थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री रामलाल ड.थारु | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री रमेश वि.क | |
| १३ | सदस्य | श्री अक्कल बहादुर माझी | |
| १४ | सदस्य | श्री डम्वर बहादुर राजी | |
| १५ | सदस्य | श्री सीता देवी चौधरी | |
| १६ | सदस्य | श्री शोभा नगार्जी | |
| १७ | सदस्य | श्री उपमा देवी के.सी | |
| १८ | सदस्य | श्री शान्ती देवी ड.थारु | |
| १९ | सदस्य | श्री सन्जा देवी ओड | |
| | | | |
| १ | सचिव | नि.प्र.प्रशासकीय अधिकृत,<br>श्री लक्ष्मी ओड | |
| | | | |

## मिति २०७७ माघ १५ गतेको कार्यपालिका बैठकको निर्णय :

**निर्णय नं. १ :-** यस नगरपालिकाका संस्थापक एवं पूर्व नगर प्रमुखका रुपमा रहनु भएका श्री रत्न प्रसाद सन्ज्यालको यहि मिति २०७७ पौष २९ गते भएको असामयिक निधन प्रति भावपूर्ण श्रद्धान्जली सहित समवेदना प्रकट गर्ने साथै पूर्व संस्थापक नगरप्रमुखको सम्मान एवं सम्झना स्वरुप ४५ औ दिनको पुण्यतिथीको अवसरमा नगरस्तरीय श्रद्धान्जली सभा कार्यक्रमको आयोजना गर्ने ।

**निर्णय नं. २ :-** भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) बमोजिम यस नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विवरण र तथ्याकं संकलन इकाई,टीकापुर गठन गर्ने साथै उक्त इकाईका लागि देहाय बमोजिमका पदहरु सेवा करारमा लिने र पदपूर्ति गर्दा यस टीकापुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ बमोजिम गर्ने । समय व्यवस्थापनका लागि ७ दिने सूचना प्रकाशन गरी पदपूर्ति गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**तपसिल :**

| क्र.सं | पद/नाम | श्रेणी वा तह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | इकाई प्रमुख | अधिकृत स्तर,छैठौ | १ | समयावधि ३ महिना( आवश्यकता अनुसार थप गर्न सकिने ) इकाई प्रमुखको हकमा उमेरको हद नतोकी कार्य अनुभव भएको व्यक्तिलाई प्राथमिकता दिने । |
| २ | सर्भेक्षक | सहायक पाँचौ | २ | समयावधि ३ महिना (आवश्यकता अनुसार थप गर्न सकिने) |
| ३ | अमिन | सहायक चौथो | २ | " " |
| ४ | तथ्याकं संकलक | सहायक चौथो | ९ | समयावधि २ महिना ( आवश्यकता अनुसार थप गर्न सकिने) |
| ५ | लगत प्रविष्टिकर्ता | सहायक चौथो | २ | " " |
| ६ | सामाजिक परिचालक | सहायक चौथो | २ | " " |

निर्णय प्रमाणित गरिएको

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.३ :-**नारायणपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति, टीकापुरबाट कार्यालय संचालन व्यवस्थापनमा आर्थिक सहयोगका लागि अनुरोध भई आएकोमा उक्त संस्थाको विद्युत महशुल भुक्तानीका लागि विल बमोजिम हुन आउने रकम यस नगरपालिकाको चालु आ.व. ०७७/०७८ का लागि भैपरी चालु शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने ।

**निर्णय नं.४ :-** सडक बोर्ड नेपालको प.सं.२०७७/०७८ ,मिति २०७७/०९/२४ ,च.नं. ६७२ को पत्रानुसार चालु आ.व. २०७७/०७८ का लागि सडक बोर्ड नेपाल कार्यकम अन्तर्गत सडक मर्मत कार्यकमका लागि रु. ५८ लाख थप बजेट सिलिङ्ग प्राप्त भएको र उक्त कार्यकम संचालन गर्न ३० प्रतिशत बजेट न.पा. म्याचिगं रकम कोषबाट व्यवस्था गर्नु पर्ने प्रावधान भए वमोजीम आ.व. २०७७/०७८ का लागि समपुरक कोष (म्याचिगं फंड) शिषर्कमा एकमुष्ट विनियोजीत बजेटवाट रु. २४,८५,७१४।२८ विनियोजन गरि ठेक्का प्रकियाबाट संचालन गर्ने गरी तपशिलमा उल्लेखित आयोजनाहरु स्विकृत गरी सडक बोर्ड नेपाल,मिनभवन,काठमाडौंमा सहमतिका लागि अनुरोध गर्ने ।

**तपशिल :**

| क्र.सं | आयोजनाको विवरण | आयोजना स्थल | विनियोजीत बजेट | | | कै. |
|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड नेपाल | न.पा.म्याचिगं | जम्मा रु. | |
| १. | पशुहाट बजार हुदैं शंकरपुर जाने र जमरा पुल हुदैं गुम्बा देखि मुनुवा रोड जोड्ने कालोपत्रे सडक मर्मत आयोजना । | वडा नं. १ र ३,,टीकापुर, कैलाली | २१,००,०००।० | ९,००,०००।० | ३०,००,०००।० | |
| २ | व्यवसाय क्षेत्र रानीकुलाको पुलबाट टीकापुरपार्क जाने सडक तथा खाद्य गोदाम हुदैं शंकरपुर जाने जोड्ने तथा फुलबारी एफ.एम. जाने सडक भएर ब्लक नं.२४;२५ जाने कालोपत्रे सडक मर्मत | वडा नं. १,टीकापुर कैलाली | १७,५०,०००।० | ७,५०,०००।० | २५,००,०००।० | |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आयोजना । | | | | | |
| ३ | ब्लक नं.१० गणेशमान मार्ग सुरत बहादुर रावलको घर देखि सितापुर जाने सडक र चार चौतारी अगाडी खानेपानी टंकी हुदै विरेन्द्र विद्या मन्दिर हुदैं ब्लक नं.१७ ,१८ नाजे कालोपत्रे सडक मर्मत आयोजना । | वडा नं. १ टीकापुर, कैलाली | १९,५०,०००।० | ८,३५,७१४।२८ | २७,८५,७१४।२८ | |
| | **जम्मा रु.** | | ५८,००,०००।० | २४,८५,७१४।२८ | ८२,८५,७१४।२८ | |

**निर्णय नं.५:-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई ,सिंहदरबार ,काठमाडौंको मिति २०७७ साल पौष २८ गते प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०७८/०७९ का लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको योजना छनौट गरी स्विकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई, सिंहदरबार ,काठमाडौं लाई अनुरोध गर्ने।

**तपशिल :**

| क्र सं | योजनाको विवरण | योजना स्थल | तराई मधेश समृद्धि कार्यक्रम | न.पा.लागत साझेदारी | कुल जम्मा योजना लागत रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | आवास कार्यक्रम | मुक्त कमैया शिविर, शक्तिनगर , वडा नं.१ | १,८०,००,०००।० | २०,००,०००।० | २,००,००,०००।० | |
| २. | आवास कार्यक्रम | दलित बस्ती,सितापुर राजीपुर,वडा नं.२ | ९०,००,०००।० | १०,००,०००।० | १,००,००,०००।० | |

प्रतिलिपि प्रमाणित गरिन्छ

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | आवास कार्यक्रम | दलित बस्ती,जमराटोल, वडा नं.४ | ९०,००,०००।० | १०,००,०००।० | १,००,००,०००।० | |
| ४. | आवास कार्यक्रम | दलितबस्ती, शंकरपुर कटानपुर,वडा नं.३ | ९०,००,०००।० | १०,००,०००।० | १,००,००,०००।० | |
| ५. | आवास कार्यक्रम | दलित बस्ती, सुक्लीपुर टोल, वडा नं.५ | ९०,००,०००।० | १०,००,०००।० | १,००,००,०००।० | |
| | जम्मा रु. | | ५,४०,००,०००।० | ६०,००,०००।० | ६,००,००,०००।० | |

**निर्णय नं.६ :**-संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई ,सिंहदरबार ,काठमाडौंको मिति २०७७ साल पौष २८ गते प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०७८/०७९ का लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत पारम्परिक पेशा प्रवर्द्धनात्मक एवं आय आर्जन तथा जिवन स्तर सुधार सम्वन्धी तपशिल बमोजिमको कार्यक्रम छनौट गरी स्विकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाई ,सिंहदरवार ,काठमाडौं लाई अनुरोध गर्ने ।

**तपशिल :**

| क्र सं | योजनाको विवरण | योजना स्थल | तराई मधेश समृद्धि कार्यक्रम | न.पा.लागत साझेदारी | कुल जम्मा योजना लागत रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | केराको थामबाट कागजका सामाग्री तयारीका लागि आवश्यक तालिम तथा सामाग्री हस्तान्तरण | टी.न.पा. , वडा नं. ६ | ९,००,०००।० | १,००,०००।० | १०,००,०००।० | अनुसूचीमा उल्लेखित थारु जाती, द्वन्द्व पिडित एकल महिला समुह |
| | जम्मा रु. | | ९,००,०००।० | १,००,०००।० | १०,००,०००।० | |

प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. ७ :** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट ईच्छुक सार्वजनिक विद्यालयहरुले राष्ट्रपति शैक्षिक सुधार परियोजना कार्यक्रमका लागि विभिन्न क्षेत्रहरु सहित तोकि प्रस्ताव पेश गर्ने भनि मिति २०७७।१०।०५ मा प्रकासित सुचना बमोजिम यस कार्यालयमा विभिन्न विद्यालयहरुबाट पेस भएका प्रस्तावित कार्यक्रमहरुलाई तपसिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरि स्विकृतिका लागि शिक्षा, विकास तथा समन्वय इकाई धनगढी कैलाली मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरलाई लेखि पठाउने निर्णय गरियो ।

| क स | विद्यालयको नाम | प्राथमिकिकरणगरिएका कार्यक्रमहरु | कैफियत |
|---|---|---|---|
| १ | कर्णाली मा.वि. टीकापुर | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्रि व्यवस्थापन (विज्ञान प्रयोगशाला, पुस्तकालय, स्मार्टवोर्ड, प्रोजेक्टर, ल्यापटप लगायत सिकाई सामग्रि) | |
| २ | नवदुर्गा आ.वि. व्यवसाय क्षेत्र | पक्किपर्खाल निर्माण | |
| ३ | खड्ग स्मृति मा. वि.टीकापुर | पक्कि पर्खाल निर्माण | |
| ४ | जनप्रकाश आ.वि. बाघमारा | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्रि व्यवस्थापन (ICT Lab, पुस्तकालय, स्मार्टवोर्ड, सिकाई सामग्रि) | |
| ५ | त्रिभुवन मा. वि. वटनपुर | विद्यार्थीहरुका लागि ६०० लिटर क्षमताको फिल्टर सहितको सफा र शुद्द पिउने पानी | |
| ६ | सेतिमैयाँ चौधरी मा. वि. झुगाँ | पक्किपर्खाल निर्माण | |

निर्णय प्रमाणित गरिन्छ

२०७७/१०/१५

नि. प्रमुख प्रशासकिय